मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधी, २०८२

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" को दफा ४ को उपदफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय) निर्णयवाट तत्काल लागू हुने गरी यो प्राविधिक मापदण्ड तथा संचालन विधी स्वीकृत गरिएको छ।

१. **उद्देश्य**: ईनार वा बढिमा ४ इन्चसम्मको ब्यासको स्यालो ट्यूबवेलबाट विद्युतिय समरसिबल पम्प/सरफेश पम्प/सोलार पम्प/सेन्ट्रिफ्यूगल प्रणाली प्रयोग गरी कृषि क्षेत्रका लागि आवश्यक सिंचाई/जल आपूर्ति गर्न अन्य बैकल्पिक श्रोत नभएको स्थलमा भूमिगत जलको प्रभावकारी र दिगो हुने गरी उपयोग बढाउनु ।

२. **कार्यक्रम संचालनः**- (१) यस प्राविधिक मापदण्ड तथा संचालन विधि अनुरुप देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्नसकिनेछ ।

(क) सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोग कार्यक्रम

(ख) स्थानिय तह लक्षित भूमिगत सिंचाई/स्यालो ट्युववेल/ट्युववेल/सोलार प्रणालि कार्यक्रमहरु

(२) दफा १ बमोजिमका कार्यक्रमहरुको आर्थिक सिमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६" को अनुसूचि -१ बमोजिम रहनेछ ।

३. **कार्यक्रम संचालन बिधिः**

३.१. **सूचना प्रकाशनः** (१) कार्यालयले कम्तिमा १५ दिनको म्याद दिई स्थानिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सेवाग्राहीवाट अनुसूचि-२ बमोजिमको आवेदन माग गर्नु पर्नेछ। उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा पुनः ७ दिनको म्याद थप गरि सो अवधि भित्र जतिसुकै संख्यामा आवेदन आएपनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

३.२. **अनुदानग्राहिको योग्यताः**

(१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका अनुदानग्राहीले कार्यक्रममा सहभागी हुन आवेदन गर्न सक्नेछन् ।

- कृषि उत्पादनमा संलग्न दुई विग्हा जग्गा भएको एकल कृषक परिवार।
- एक भन्दा बढी कृषक परिवारहरुको जग्गा मिलाएर दुई विग्हा जग्गाको क्लष्टरमा सिंचाई गर्ने आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक।
- कृषि सहकारी संस्था/कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमीः प्रचलित कानुन अनुसार दर्ता भएका र लिजमा वा एकल स्वामित्वको कम्तीमा ४ विग्हा जग्गामा कृषि उत्पादन कार्यक्रम संचालन गरेको।



प्रदेश सचिव

- स्यालो ट्युबवेल जडान सम्भाब्य नभएको क्षेत्रमा इनारको हकमा कम्तीमा ५ परिवार र ४ विग्हा जग्गामा सिंचाई सुविधा पुग्न सक्ने गरी सँस्थागत वा आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक (लिखित सम्झौता तथा जग्गाको प्रमाण पुर्जा लगायत अन्य कागजात अनिवार्य हुने र नक्शामा जग्गा तथा इनारको सामिप्यता देखु पर्ने)

(२) वस्तीभन्दा बाहिर टाढाको खेत १० कट्ठा भन्दा कम जग्गामा एकल परिवारको स्वामित्वमा एकल खेती गर्ने कृषक परिवारले २ इन्च ब्यासको स्यालो ट्यूवेल जडान गर्ने ईच्छुक कृषक वा कृषक परिवार।

(३) यस किसिमको अनुदान पाइसके पछी दुई आ.व. ब्यतीत नभएको/झुठा विवरण पेश गर्ने/कुनै किसिमको पेश्की वेरुजु वा अनियमिततामा परेको/ कार्यालयमा खराव आचरण प्रस्तुत गरेका व्यक्ती वा परिवारको आबेदन छनौट प्रक्रियामा समावेश गरिने छैन।

३.३. **प्राबिधिक स्पेसिफिकेशन तथा लागत अनुमान:** (१) सिभिल वा कृषि इन्जियर/ओभरसियर/ सव-ओभरसियर वा साना सिंचाई सम्बन्धी तालिम प्राप्त कृषि प्राविधिकबाट स्यालो ट्युववेल जडान/ईनार निर्माण/सोलर प्रणाली सम्बन्धी प्राबिधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरी सम्बन्धित कार्यालय प्रमुखले स्वीकृत गरी कार्यक्रम संचालन गर्ने। लागत अनुमानमा अनुदानग्राही सहभागिता वापत व्यहोर्नु पर्ने निर्धारित अंश र कन्टिन्जेन्सि रकम समेत समावेश गरी लागत अनुमान तयार गर्नु पर्नेछ।

३.४. **मूल्याँकन समिति र मूल्याङ्कनका आधारहरु:** (१) कार्यालयले प्राप्त आवेदनहरुको मुल्यांकन तथा छनौट गर्न देहाय बमोजिमको एक मूल्याँकन समिति गठन गर्नेछ।

| | |
|---|---|
| कार्यालयले तोकेको अधिकृत | संयोजक |
| तालुक निकायले तोकेको कृषिसंग सम्बन्धित अधिकृत | सदस्य |
| कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राबिधिक कर्मचारी | सदस्य-सचिव |

(२) कार्यालयले मुल्याङ्कन समितिमा आवश्यकता अनुसार दुई जनासम्म आमन्त्रित सदस्य थप गर्न सक्नेछ।

(३) मुल्यांकन समितीले मूल्यांकन गर्दा प्राप्त आवेदनहरुलाई तपसिल अनुसार अनुदानग्राहीको किसिम छुट्याउने छ।

(क) ४ इन्च ब्यास स्यालो ट्यूवेल जडान मात्र

(ख) ४ इन्च ब्यास स्यालो ट्यूवेल जडान तथा समरसिबल वा सरफेश (विद्युतिय वा सोलार)

(ग) पुरानै जलश्रोत संरचनावाट जल उपयोग गर्न समरसिबल वा सरफेश (विद्युतिय वा सोलार)

(घ) २ इन्च ब्यास स्यालो ट्यूवेल जडान समरसिबल वा सरफेश (विद्युतिय वा सोलार)

(ङ) ईनारवाट/सोलार प्रणालीबाट सिंचाई

प्रदेश सचिव

(४) आवेदन फारममा आवेदकवाट [stamp obscures text] सहभागीता उल्लेख भएको आवेदनहरुको सहभागीता हुने अंकको आधारमा वर्गिकरण गरी छुट्याउने र बढी लागत सहभागीता उल्लेख भएका आवेदनहरुको मूल्यॉंकन तथा छनौट पहिले गरी बचत हुने स्थानमा मात्र क्रमशः सहभागीता प्रतिशतको आधारमा मूल्यॉंकन तथा छनौट गर्ने।

(५) बूँदा नं ३ अनुसार वर्गिकरणको आधारमा माग निवेदन सँख्या एकिन गर्ने र कार्यालयको कूलश्रोत साधनको आधारमा हरेक किसिमको अनुदानग्राहि समावेश हुने गरी कार्यक्रम संचालन गर्ने ।

३.५. स्थलगत मूल्याङ्कन: (१) आवेदनहरु छनौटको लागी कर्मचारी परिचालन गरी स्थलगत अनुगमन निरीक्षण गराउने र निरक्षण प्रतिवेदनको अंक भार मूल्यॉंकन प्रक्रियामा समावेश गराउने।

(२) स्थलगत अनुगमन निरिक्षण हुने वेलामा अवेदनमा भुलवस सँधीयार तथा किता नं मा केही त्रुटी भए भुल सुधार गरी सॉंधसँधीयार वा किता नं अनुगमन कर्ता कर्मचारी मार्फत सच्याउने कार्यको लागि लिखित अनुरोध गर्न सक्नेछ। लिखत अनुरोध भई आएमा कार्यालयले वास्ताविकता बुझि भूल सुधार वा शंसोधन गर्न सक्नेछ ।स्थलगत अनुगमन प्रतिवेदन तयारी पश्चात आवेदन फारममा कुनै किसिमको भूल सुधार वा शंसोधन हुने छैन।

(३) मुल्याङ्कित अंक बराबर भएको अवस्थामा क्रमशः सिंचाई हुने क्षेत्रफल, जल उपयोग प्रभावकारिता र आवेदकको समाजिक तथा आर्थिक अवस्था, अन्य सुविधा पाए/नपाएको आधारमा प्राथमिकता निर्धारण गरिनेछ।

(४) मूल्यॉंकन समितीले मूल्यॉंकनको आधारमा छनौट सूची तयार गर्नेछ र समितीवाट पेश भएको छनौट सूची कार्यालय प्रमुखले स्वीकृत गरेपछी सो सूची प्रकाशन गर्ने।

३.६. सम्झौता: छनौट सूचीमा समावेश भएका अनुदानग्राहीले कार्य संचालनको लागी कार्यालयसँग अनुसूचि-०४ बमोजिमको ढॉंचामा सम्झौता गर्नेछ।

(१) कार्यालयले स्यालो टयूववेल जडान तथा संचालन कार्यको लागी कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी २०७६ अनुसार आपूर्तिकर्ताहरुको सूची तयार गरी अनुदानग्राहीलाई उपलब्ध गराउनेछ र उक्त सूचि मध्येवाट अनुदानग्राही आफनो स्वेच्छाले रुचाएको आपूर्तिकर्तावाट कार्यक्रम संचालन कार्य तथा आवश्यक सामग्री खरिद गर्न सक्नेछ र सम्झौता अनुसार कृषक दायित्वको रकम आफै भुक्तानि गर्नेछ। कार्यको पारदर्शिता तथा लागत जवाफदेहिताको लागी कार्यालयले कार्यक्रमको चरणवद्ध रुपमा क्रमशः अनुगमन गरी कार्य आदेश/जडान आदेश/सामग्री आपूर्ती वा अन्य उपयुक्त आदेश जारी गर्नेछ।

(२) यस कार्यक्रम अन्तरगत अनुदानग्रीले स्वेच्छाले खरिद गरेको सेवा/सामग्री वापतको तोकिए बमोजिमको साझेदारी रकम अनुदानग्राहीवाटै प्राप्त गर्ने दायित्व आपूर्तिकर्ताको हुनेछ।



प्रदेश सचिव

CamScanner

(३) आपूर्तिकर्ताले सम्झौता बमोजिमको समय सिमा भित्र गुणस्तरीय कार्य सम्पादन गर्नु पर्नेछ। कार्य सम्पन्न भएपछि मात्र कार्यालयले अनुदान वापतको रकम भुक्तानी दिनेछ।

३.७.**जडान कार्य सम्पादन प्रतिबेदन:** (१) आपुर्तिकर्ताले जडान कार्य सम्पन्न भएको जानकारी गराएपछि कार्यालयले उक्त कार्यको निरीक्षण गराई कार्य सम्पन्न प्रतिबेदन लिनु पर्नेछ।

३.८. **भूक्तानी प्रक्रिया:** (१) कार्यालयवाट जारी भएको आदेश जडान कार्य सम्पन्न प्रतिवेदन तथा विल भर्पाइ लगायत कार्यालयले तोकेको अन्य विवरण सहित अनुदान वापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान वापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

३.९. कार्यालयले जडान/निर्माण भएको स्यालोट्युबवेल/ईनार/सोलार प्रणालीको जि पि एस कोड अभिलेख राख्नु पर्नेछ ।

४. **अनुगमन तथा मूल्याङ्कन:** मन्त्रालय/ निर्देशनालय/कार्यालयको टोलीले स्यालो टयुववेल जडानको नियमित सुपरीवेक्षण तथा अनुगमन कार्य गर्नेछ। यस क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरु बारे सम्वन्धित पक्षलाइ समयमै जानकारी गराउनु पर्नेछ।

५. **सार्बजनिकिकरण:** कार्यालयले सम्पन्न भएका कार्यहरुको सूची सार्वजनिक गर्नु पर्नेछ ।

६. **खारेजि तथा बचाउ:** " भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधी, २०८१" खारेज गरिएको छ ।

प्रदेश सचिव

अनुसूची-१

## दफा ३ को उपदफा (१) सँग सम्बन्धित

## भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/..../.....

यस कृषि ज्ञान केन्द्र,......................., को चालु आ. व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ................................................................................................................... कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र तपसिलको कागजात सहित अनुसूचि-२ बमोजिम निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्वन्धि विस्तृत जानकारीको लागि कार्यालयको वेभ-साईट वा सूचना पाटीमा हेर्न सकिनेछ।

<u>तपसिल:</u>

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनी पूर्जाको प्रतिलिपि

३. पेश गरेको जग्गाधनी लालपुर्जाको हालको मालपोत तिरेको रसिदको प्रतिलिपि

४. स्थानिय तह वा वडा कार्यालय वा कृषि शाखाको सिफारिस

५. सहकारी/संस्था/समूह/फर्मको हकमा पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि।

६. अन्य आवशयक कागजातहरु

प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

**अनुसूची – २**

**दफा ३ को उपदफा (१) सँग सम्बन्धित**

**भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागि आवेदकले पेश गर्ने निवेदन**

मितिः ..........................

श्रीमान् प्रमुख ज्यू
................................ ।

**विषय : निवेदन पेश गरिएको सम्बन्धमा**

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मिति २०८२/..../.... मा प्रकाशित सूचना अनुसार ............................................................कार्यक्रम सञ्चालनका लागि म/हामीलाई आवश्यक पर्ने सिंचाई प्रणालिको माग, अनुसूचि-३ बमोजिमको प्रस्ताव तथा आवश्यक कागजातहरु सहित नियमानुसार अनुदान सहयोग पाउनको लागि तपसिल अनुसारका कागजातहरु सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि
३. पेश गरेको जग्गाधनी लालपुर्जाको हालको मालपोत तिरेको रसिदको प्रतिलिपि
४. स्थानिय तह वा वडा कार्यालय वा कृषि शाखाको सिफारिस
५. अनुसूचि-३ बमोजिमको प्रस्ताव (कल्स्टरमा सिंचाई गर्ने उपभोक्त का लागि)
६. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि (सहकारी/फर्मको हकमा)

**आवश्यक पर्ने सिंचाई प्रणाली (कुनै एकमा चिन्ह लगाउनुहोस )**

१. चार इन्चसम्मको ब्यासको ट्यूबवेल ......फिट गहिराई र सञ्चालनका लागी (कुनै एक छनौट गर्नुहोस)
 (क) विद्युतिय समरसिवल पम्प (ख)विद्युतीय सरफेश पम्प (ग)सोलार पम्प प्रणाली
२. पुरानो जडान ट्युववेलमा सोलार पम्प प्रणाली

**पुनश्चः** *यो निवेदन कार्यालयले रुजु गरी मात्र दर्ता गर्नुपर्नेछ।*

उपर्युक्त बमोजिमको विवरण सत्य सांचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदककोः
हस्ताक्षर ............................
नाम, थरः
ठेगानाः
सम्पर्क नं.



प्रदेश सचिव

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

अनुसूची – ३

दफा ५ को उपदफा (२) सँग सम्बन्धित

भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम अन्तर्गत कल्स्टरमा सिंचाई गर्ने उपभोक्त का लागि

**जल उपभोक्ता सम्बन्धी विवरणः**

आवेदक व्यक्ति वा निजको एकासगोल परिवारको निजी जग्गा कार्यक्रम सञ्चालनका लागि आवश्यक न्युनतम जग्गा नपुगेको खण्डमा लिजमा लिएको मन्जुरीनामा सहितको जग्गा वा एक भन्दा बढी कृषक परिवारको सहमतिमा कलस्टरमा सिंचाई सुविधा प्राप्त गर्ने कृषक परिवारको जग्गाको विवरण उल्लेख गर्ने। ( उल्लेख भएका जग्गाको जग्गा धनी प्रमाण पुर्जाको स्पस्ट फोटोकपी पेश गर्नु पर्ने साथै एकासगोल परिवारको अलावा अन्यको जग्गा पेश गरेको भए निजको मन्जुरीनामा वा यस फर्ममा निजको सहमती रहेको हस्ताक्षर अनिवार्य गराउनु पर्ने छ। जग्गा धनी प्रमाण पुर्जाको स्पस्ट फोटोकपी सम्बन्धित जग्गाधनी र निवेदक आफैले प्रमाणित गरि पेश गर्नु पर्नेछ।)

| क्रसं. | जग्गा धनीको नाम | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | नाता | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

उपर्युक्त बमोजिमको विवरण सत्य सांचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदकको:
हस्ताक्षर ............................
नाम, थरः
सम्पर्क नं.

प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

## अनुसूची – ४
### दफा ३ को उपदफा (६) सँग सम्बन्धित
### सम्झौता

कृषि ज्ञान केन्द्र, ...................... (यसपछि " पहिलो पक्ष/कार्यालय "भनिने) को आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ........................................................................................................................................ कार्यक्रम सञ्चालन गर्न जिल्ला .................. ..........................................बस्ने कृषक ......................................................................(यसपछि " दोस्रो पक्ष "भनिने) भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०८२ तथा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि (पहिलो संशोधन) २०७७ बमोजिम छनौटमा परेकोले पहिलो पक्ष बाट स्वीकृत ईस्टिमेट बमोजिम कार्यक्रम सञ्चालन गर्न अनुमति दिईएकोले तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही दोस्रो पक्षले तोकिएको समय भित्र कार्य प्रारम्भ र सम्पन्न गर्न सहमत भई पहिलो र दोस्रो पक्ष बिच तपसिलका साक्षीहरुको रोहवरमा यस सम्झौतापत्रमा सहि छाप गरी एक-एक प्रति लियौं/दियौं ।

तपसिलः

१. पहिलो पक्षबाट स्वीकृत लागत ईस्टिमेट र प्राप्त हुने आवश्यक प्रविधिक सरसल्लाह एवं सुझाव अनुसार दोस्रो पक्षले कार्य योजनाअनुसार कार्यक्रम/कार्यहरु मिति २०८२/....../...... देखि प्रारम्भ गरी मिति २०८२/....../..... गते भित्र सम्पन्न गरि सक्नु पर्नेछ । सो मिति भित्र काम सम्पन्न नगरेमा अनुदान भुक्तानी दिन कार्यालय बाध्य हुने छैन ।
२. स्यालो टयुबवेल/सोलार सिंचाई प्रणालि जडानको लागि इष्टिमेट अनुसारको कुल स्वीकृत रकम रु. ............../- मध्ये १५ प्रतिशतले हुन आउने रकम रु. ........................ दोस्रो पक्षले व्योहोर्नु पर्ने छ ।
३. दोश्रो पक्षले अनुदानमा जडान भएको स्यालो टयुववेल/ सोलार सिंचाई प्रणालिबाट आवश्यक्ता तथा माग अनुसार अन्य कृषकलाई समेत उपयोग गर्न दिनु पर्ने छ । अन्य कृषकलाई उपयोग गर्न नदिएको,निजी बोरिङ्ग सरह प्रयोग गर्ने गरेको जस्ता गुनासो आएमा कार्यालयले भुक्तानी दिएको अनुदान रकम फिर्ता गर्ने प्रक्रिया अपनाउन सक्ने छ ।
४. दोश्रो पक्षले कम्तीमा ३ वर्ष सम्म अनुदानमा जडान भएको स्यालो टयुबवेल तथा मोटरको सुरक्षा,संरक्षण तथा मर्मतको व्यवस्था मिलाउनु पर्ने छ । साथै प्रथम पक्ष वा अन्य कार्यालय,मन्त्रालयबाट भएको अनुगमनको क्रममा देखाउनु पर्ने छ अन्यथा प्राप्त गरेको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
५. दोस्रो पक्षले तोकिएको समय भित्र स्यालो टयुववेल जडान गरी निरिक्षण/अनुगमनका लागि निवेदन/अनुरोध दिए/गरे पश्चात पहिलो पक्षवाट सो कार्यको अनुगमन,नाप जाँच तथा कार्य सम्पन्न प्रतिवेदन तयारी लगायतका सम्पुर्ण प्रकृया पुरा गरि मात्र दोस्रो पक्षको खातामा वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।
६. दोस्रो पक्षले स्यालो टयुबवेल जडानका लागि आवश्यक यन्त्र उपकरणहरु आपुर्ति गर्न यस कार्यालयमा सुचिकृत भएका आपुर्तिकर्ताहरु मध्येवाट आफ्नो इच्छाअनुसार(रोजेर) स्यालो टयुबवेल जडानका लागि आवश्यक यन्त्र उकपरणहरु (सामग्री तथा जडान कार्य) खरिद गर्नुपर्नेछ तर अनुदान रकम न्युन्तम दररेटलाई आधार मानी कायम गरिनेछ र सोही बमोजिमको अनुदान रकम मात्र भुक्तानी हुनेछ ।
७. यस सम्झौतामा उल्लेख भएका शर्तशरु यसै बमोजिम र बाँकी कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

<table>
<tr><th>प्रथम पक्ष</th><th>दोश्रो पक्ष</th></tr>
<tr><td>कार्यालयको छापः<br>हस्ताक्षरः ..................<br>नामः<br>पदः<br>कार्यालयः</td><td>हस्ताक्षरः...................<br>नामः<br>ठेगानाः<br>मोवाईल नं.<br>ना.प्र.नः<br>दर्ता नं.<br>(रेखात्मक)<br>दायाँ | वायाँ</td></tr>
<tr><td colspan="2">रोहवरः<br>१. ............................................    २. .............................................................<br>ईति सम्वत ...... साल ..........गते रोज......... शुभम्</td></tr>
</table>

प्रदेश सचिव